सहयोगी

USAID
अमेरिकी जनताबाट

'शहरी शुसासनका लागि साझेदारी'

प्रकाशन


MUNICIPAL ASSOCIATION OF NEPAL
2050



## नगरपालिकाका लागि विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी

# नीतिगत तथा कानूनी व्यवस्था

# नगरपालिकाहरूका लागि विपद् व्यवस्थापन सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था




नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरूलाई योजनाबद्ध र व्यवस्थित गर्न नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था गरेको छ । यस सन्दर्भमा विपद् जोखिम व्यवस्थापनका लागि दैवी प्रकोप (उद्धार) ऐन-२०३९, स्थानीय स्वायत्त शासन ऐन-२०५५, भवन ऐन-२०५५, राष्ट्रिय भवन संहिता-२०६०, विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति-२०६६, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति-२०७५, जलवायु परिवर्तन नीति-२०६७, भू-उपयोग नीति-२०६९, जल उत्पन्न प्रकोप व्यवस्थापन नीति-२०७२, राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति-२०७२, राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा- २०७०, बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधार

भूत मार्गदर्शन-२०७२, राष्ट्रिय शहरी विकास रणनीति-२०७३ आदि महत्वपूर्ण कानूनी तथा नीतिगत आधार हुन् भने नेपालको संविधान-२०७२ र त्यस पछि आएका स्थानीय सरकार सञ्चालन ऐन-२०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन-२०७४ पछिल्ला महत्वपूर्ण कानूनी व्यवस्था हुन् ।

साथै, नेपाल सरकारले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति २०७५ र सेन्डाई कार्यढाँचा अनुसार विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० अनुमोदन गरेको छ । साथै, नेपाल सरकारको पन्ध्रौं पञ्चवर्षिय योजना (२०१९/२०-२०२३/२४) ले सबै विकास योजनामा विपद् जोखिम व्यवस्थापनको मूलप्रवाहीकरणलाई जोड दिएको छ । यस बाहेक, साथै केन्द्र देखि स्थानीय स्तरसम्म कानून बमोजिम स्थापित दैवि प्रकोप उद्धार समितिहरू, नेपाल सरकारका विभिन्न निकाय एवं प्रतिष्ठानहरूलाई महत्वपूर्ण संस्थागत व्यवस्थाको रूपमा लिन सकिन्छ ।

नेपालको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन-२०७४ ले विपद् जोखिम न्यूनीकरण र प्रभाव व्यवस्थापन गर्न संघ, प्रदेश र स्थानीय सरकारहरूको भूमिका र जिम्मेवारीहरु उल्लेख गरेको छ । गृह मन्त्रालयलाई यसको लागि फोकल एजेन्सी तोकिएको छ । संघीय, प्रदेश र स्थानीय तहमा आपतकालीन सञ्चालन केन्द्रहरु को प्रावधान ऐनमा व्यवस्था गरिएको छ । ऐनमा व्यवस्था भए बमोजिम विपद् पूर्वतयारी, रोकथाम र न्यूनीकरणका लागि प्रमुख कार्यादेश सहित राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण गठन गरिएको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिष्द, कार्यकारी समिति, प्रदेश, जिल्ला तथा स्थानीय तहका समितिहरू नयाँ संस्थागत व्यवस्थाका रूपमा रहेका छन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायत अन्य धेरै संस्थाहरूले विपद् पूर्वतयारीमा काम गरिरहेका छन् । जल तथा मौसम विज्ञान विभाग जल, मौसम, विज्ञान र सम्भावित प्रकोपहरूको जोखिम विश्लेषण र पूर्व

चेतावनीको जानकारी दिने गर्दछ । यसबाहेक, विभिन्न दाताहरु, अन्तराष्ट्रिय र राष्ट्रिय गैर-सरकारी संस्थाहरूले विपद् जोखिमहरु कम गर्न सरकारको पहलहरूलाई सहयोग गर्दै आईरहेका छन् । यी सबै राष्ट्रिय नीति तथा संस्थागत व्यवस्थाहरूले दिगो विकास लक्ष्यहरु (SDGs) र प्रकोप प्रतिरोधी नेपाल दुबै हासिल गर्न पूर्वाधार र निर्माण कार्यमा प्रभावकारी प्रक्रियाहरु अपनाउन संघ, प्रदेश तथा स्थानीय सरकारी निकायहरु, विकास साझेदारहरु, गैर सरकारी संस्थाहरु र निजी क्षेत्रलाई मार्गदर्शन गर्दछ ।

## विपद् व्यवस्थापनमा सम्वैधानिक प्रावधान

| | |
|---|---|
| १ | वर्तमान संविधानमा पहिलो पटक विपद् व्यवस्थापनको प्रावधान राखि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई तिनै तहका सरकारको प्रमूख दायित्वको रूपमा समावेश गरेको छ । |
| २ | संविधानले प्राकृतिक तथा अन्य प्रकोपबाट हुने जोखिमलाई न्यूनीकरण गर्न विपद् जोखिम न्यूनीकरण, विपद् पूर्वतयारी, उद्धार, राहत र पुनर्स्थापनाको सुरक्षा र दिगो विकासको नीति तय गरेको छ । |
| ३ | संविधानको अनुसूची ७, ८ र ९ मा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारको सूचीमा विपद् व्यवस्थापन सम्बन्धी व्यवस्था गरिएको छ । |
| ४ | संविधानको अनुसूची ७ मा प्राकृतिक तथा गैर प्राकृतिक विपद् जोखिम न्यूनीकरण, पूर्व तयारी, उद्धार, राहत र पुनर्लाभका काम संघीय र प्रदेश सरकारको साझा अधिकारमा समावेश गरिएको छ । |
| ५ | अनुसूची ८ ले विपद् व्यवस्थापनलाई स्थानीय सरकारको एकल अधिकारको रूपमा सूचिकृत गरेको छ भने अनुसूची ९ ले विपद् व्यवस्थापनलाई तिनै तहको सरकारको साझा अधिकारमा समावेश गरेको छ । |

| | |
|---|---|
| ६ | धारा २३२ अनुसार संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको आधारमा हुने भनिएको हुँदा विपद् व्यवस्थापनमा तिनै तहका सरकार बिच आवश्यक समन्वय र सहकार्य हुनु पर्दछ । |
| ७ | धारा २३५ अनुसार संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन-२०७७ पारित भइसकेकोले सो बमोजिम समेत विपद् व्यवस्थापनमा अन्तर-सरकार सहकारिता र समन्वय गर्नु पर्दछ । |

## विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४

| | |
|---|---|
| १ | ऐनको दफा १७ मा नगरपालिकामा नगर प्रमुखको अध्यक्षतामा बढीमा पन्ध्र जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति तथा समितिको काम, कर्तव्य र अधिकार तथा नियमावली २०७६ को दफा ८ मा स्थानीय विपद् व्यपवस्थापन समितिको अतिरिक्त काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएकोछ । |
| २ | राष्ट्रिय परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति योजना र कायक्रम अनुरूप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कायान्वयन गर्ने । |
| ३ | नगरपालिकाले विपद् व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गर्नुका साथै भौतिक संरचना निर्माण गर्दा भवन संहिता लगायत मापदण्ड तथा अन्य स्वीकृत निर्देशिकाको पालना गराउने । |

| | |
|---|---|
| ४ | स्थानीय समुदायलाई विपद् प्रति जागरूक बनाउन, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्ने तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा वा समुदायस्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने । |
| ५ | सरकारी, निजी एवम् गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने गराउने । |
| ६ | स्थानीय तहका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने र विपद् प्रतिकार्यका लागि आपत्कालीन नमूना अभ्यास गर्ने, गराउने । |
| ७ | विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानले स्थानीय सरकार संचालन ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने । |
| ८ | स्थानीय तहमा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्वचेतावनी प्रणालीको विकास र संचालन गर्ने, गराउने । |
| ९ | स्थानीय स्तरमा आपत्कालीन कार्यसंचालन केन्द्रको स्थापना, संचालन गर्ने तथा विपद् प्रभावित क्षेत्रमा उद्धार र राहतको व्यवस्था गर्ने । |
| १० | विपद्मा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने । |

| | |
|---|---|
| ११ | विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारूणयन्त्र लगायतका अन्य उपकरणहरू तयारी हालतमा राख्न लगाउने । |
| १२ | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थपन सम्बन्धी अन्य कार्य गर्ने, गराउने । |
| १३ | विपद् व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने । |

## नियमावली २०७६ अनुसार समितिको अतिरित्त काम, कर्तव्य र अधिकार

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी योजना तथा कार्यक्रम सहितको कार्ययोजना तयार गरी लागू गर्ने, गराउने ।
- विपद् जोखिम व्यवस्थापनको लेखाजोखा, नक्शांङ्कन, विश्लेषण गरी विकास निर्माण सम्बन्धी कार्यमा विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक व्यवस्था गर्ने ।
- भौतिक संरचना निर्माण गर्दा राष्ट्रिय भवन संहिता, भवन निर्माण मापदण्ड लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना भए नभएको सम्बन्धमा अनुगमन गरी पालना गर्न लगाउने ।

- विपद् उद्धारको काममा संलग्न व्यक्तिको सुरक्षाको लागि सुरक्षा उपकरण, बीमा लगायत आवश्यक प्रबन्ध मिलाउने ।
- ऐनको दफा १८ को उपदफा (५) बमोजिम सुरक्षा निकायको मागका आधारमा खोज तथा उद्धार सामग्रीको व्यवस्थापन गर्ने, गराउने ।
- विपद् व्यवस्थापनको लागि परम्परागत ज्ञान, सीप र प्रविधिको उपयोग गर्ने तथा सो को लागि स्थानीय समुदायलाई परिचालन गर्ने व्यवस्था मिलाउने ।
- बीमा र सामाजिक सुरक्षा लगायतका विपद्जन्य जोखिम हस्तान्तरणका विधि र प्रक्रिया तयार गरी कार्यान्वयन गर्ने, गराउने ।
- विपद् व्यवस्थापनका लागि विषयगत समूह गठन गरी परिचालन गर्ने तथा कर्मचारी तथा स्वयंसेवकको क्षमता अभिवृद्धिको व्यवस्था गर्ने ।
- स्थानीय विपद् व्यवस्थापन समितिले वडा स्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गरी कार्य संचालन गर्न सक्नेछ ।

# स्थानीय सरकार संचालन ऐन २०७४

- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ (न) मा विपद् व्यवस्थापन सम्बन्धी व्यवस्था गरिएको छ ।
- विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन गर्ने ।
- प्रत्येक नगरपालिकाले स्थानीय स्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचाना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वयको व्यवस्था सुनिश्चित् गर्ने ।
- प्रत्येक नगरपालिका भित्र विपद् व्यवस्थापन इकाईको स्थापना गर्ने ।
- विपद् जोखिम क्षेत्रहरूको नक्शाङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण गर्ने ।
- विपद् व्यवस्थापनमा संघ प्रदेश र स्थानीय समुदाय, संघसंस्था तथा निजी क्षेत्रहरूसंग सहयोग समन्वय र सहकार्य गर्ने ।
- नगरपालिकामा विपद् व्यवस्थापन कोषको स्थापना तथा संचालन र श्रोत साधनको परिचालन गर्ने ।
- विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीयस्तरका आयोजनाको तर्जुमा, कार्यन्वयन, अनुगमन र नियमन गर्ने ।
- विपद् पश्चात स्थानीय स्तरको पुनर्स्थापना र पुनर्निर्माणको व्यवस्था सुनिश्चित् गर्ने ।

- स्थानीय स्तरको विपद् सम्बन्धी तथ्याङ्क, व्यवस्थापन र अध्ययन अनुसन्धान गर्ने ।
- स्थानीय आपतकालीन कार्य संचालन प्रणालीको व्यवस्था गर्ने ।
- स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन गर्ने ।
- समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रको संचालन गर्ने ।

## विपद् व्यवस्थापनमा महानगर, उप-महानगर एवं नगरपालिकाहरूको भूमिका

- स्थानीय सरकारहरूलाई आफ्नै विपद् प्रतिकार्य योजना र कानूनको निर्माण गर्ने जिम्मा दिइएको छ । संविधानको अनुसूची ८ ले विपद् व्यवस्थापनलाई स्थानीय सरकारहरूको एकल अधिकार क्षेत्रको रूपमा सूचीबद्ध गरेको छ । त्यसैगरी, स्थानीय सरकार सञ्चालन ऐन को दफा ११ (२) ले स्थानीय सरकारहरूको विपद् व्यवस्थापन सम्बन्धि कार्यहरूलाई सूचीबद्ध गरेको छ । यस अन्तर्गत विपद् पूर्वतयारीका लागि योजना तथा नीतिहरु बनाउने, उद्धार र राहतका लागि नगर प्रहरी परिचालन, जोखिम क्षेत्रको नक्शाङ्कन र स्थानान्तरण, प्रदेश र संघीय सरकार तथा गैरसरकारी संस्थाहरूसँग समन्वय, तथ्याङ्क व्यवस्थापन र अनुसन्धान लगायत १२ वटा विशिष्ट कार्यहरु रहेका छन् ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ ले व्यवस्था गरे बमोजिम उनीहरु जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिका सदस्य भएकाले नेपालमा हाल स्थानीय सरकारहरूमा काम गर्ने सरकारी अधिकारी र निर्वाचित प्रतिनिधिहरूको क्षमतामा विपद् व्यवस्थापन र प्रतिकार्यको ठूलो मात्रा निर्भर रहेको

छ । सम्बन्धित नगरपालिकाको निर्वाचित मेयरले स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्व गर्दछन् । साथै, प्रशासन, स्वास्थ्य, शिक्षा, खानेपानी, सडक सञ्जाल, जिल्ला र नगरपालिका तहका सञ्चार कार्यालयमा कार्यरत निजामती कर्मचारी र उपमेयर, वडा अध्यक्ष, वडा सदस्य जस्ता निर्वाचित जनप्रतिनिधिहरु यी समितिको सक्रिय सदस्यको रूपमा काम गर्दछन् । विपद् प्रतिकार्य योजना तर्जुमादेखि, राहत सामग्रीको व्यवस्था र वितरण र प्रभावकारी प्रतिकार्यमा स्थानीय सरकार र तीनमा काम गर्ने सरकारी अधिकारी र निर्वाचित प्रतिनिधिहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछन् ।

- विपद्बाट जनताको ज्यान जोगाउने, आर्थिक नोक्सानी कम गर्ने र पीडितको पीडा कम गर्ने, आपतकालीन संचालन केन्द्रहरु सक्रिय गर्ने, जोखिममा परेका जनसंख्यालाई स्थानान्तरण गर्ने, खोज तथा उद्धार कार्य सञ्चालन गर्ने, सूचनाको व्यवस्थापन गर्ने, आपत्कालीन चिकित्सा सेवा सञ्चालन गर्ने, विस्थापित जनसंख्याका लागि आश्रयस्थलहरु खोल्ने, पीडितहरूको सामूहिक हेरचाह र आपतकालीन सार्वजनिक सेवाहरु पुनर्स्थापना गर्ने कार्यहरूको स्थानीय अधिकारीहरूले नेतृत्व गर्दछन् । साथै, यी कार्यहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्न, सरोकारवालाहरु बीचको पूर्ण सहयोग सुनिश्चित गर्न र भईरहेका कार्यहरूमा दोहोरोपना आउन नदिन नगरपालिकाहरूले "क्लस्टर अप्रोच" संयन्त्रको पनि अभ्यास गर्दछन् । संघीयस्तरमा एघार क्लस्टर हुने गर्दछ भने स्थानीय तहमा (जिल्ला र पालिका) आवश्यकता अनुसार नौ वा सोभन्दा बढी क्लस्टर हुन सक्ने व्यवस्था छ ।

- जिल्ला र पालिकास्तरमा कार्यरत सम्बन्धित मन्त्रालयका अधिकारीहरु, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिका सदस्यहरूले उक्त क्लस्टरहरूको पनि नेतृत्व गर्ने गर्दछन् । यद्यपि, विपद् न्यूनीकरण, व्यवस्थापन र प्रतिकार्यमा संलग्न सरकारका विभिन्न तहका अधिकार क्षेत्रहरु स्पष्ट रूपमा परिभाषित हुन बाँकी रहेको छ । तसर्थ, फेरी कुनै ठूलो प्रकोप आउनुअघि सरकारका सवै तह र

सरोकारवालाहरूको अधिकार क्षेत्रहरु, भूमिका र जिम्मेवारीहरु अझ स्पष्ट रूपमा परिभाषित गर्न आवश्यक छ । साथै, प्रदेश र स्थानीय तहबीचको सूचना आदानप्रदान र जिम्मेवारीलाई विस्तृत रूपमा परिभाषित गरिएको छैन । संघ, प्रदेश र स्थानीय सरकार र समितिका अध्यक्षहरु र प्रमूख जिल्ला अधिकारीहरूबीच हुनुपर्ने सञ्चारको लागि चाहिने प्रोटोकलको पनि विकास गरीएको छैन । आगामी दिनहरूमा विपद् सम्बन्धी प्रभावकारी कानून निर्माण, योजना र सुशासनलाई सहयोग र सहजीकरण गर्न विपद् व्यवस्थापनमा संघीय, प्रदेश र स्थानीय सरकारहरूबीच सञ्चार र समन्वयका लागि स्पष्ट योजनाहरु र प्रोटोकलको निर्माण गर्न आवश्यक छ ।

- अर्कोतर्फ, सरकारी अधिकारी र निर्वाचित प्रतिनिधिहरूमा हुनुपर्ने विद्यमान विपद् व्यवस्थापन र प्रतिकार्य सम्बन्धी ज्ञान र क्षमतामा कमी छ जसले देशको समग्र स्थानीय तहको विपद् व्यवस्थापन संयन्त्रलाई कमजोर बनाउने हुँदा स्थानीय स्तरमा प्रभावकारी विपद् व्यवस्थापन र प्रतिकार्य प्रदान गर्न नेपालका स्थानीय सरकारहरूको विपद् प्रतिकार्य क्षमता अभिबृद्धि गर्नुपर्ने अर्को टड्कारो आवश्यक्ता हो । स्थानीय तहमा विपद् व्यवस्थापन र प्रतिकार्यका बारेको ज्ञान र सीप बढाउन तथा विपद् जोखिम व्यवस्थापनका लागि स्थानीय तहको काम र कर्तव्यहरूप्रति स्थानीय सरकारहरूलाई सजग गराउन अझै धेरै प्रयत्न गर्नुपर्ने अवस्था छ ।

- विपद् पूर्वतयारी र प्रतिकार्य क्षमता बढाउन नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीले विपद् जोखिम व्यवस्थापन चक्रका सबै चरणमा आ–आफ्ना काम र कर्तव्यबारे राम्ररी बुझ्नुपर्ने, विपद् जोखिम न्यूनीकरणलाई नगरपालिकाका सबै आवधिक योजनामा एकीकृत र मूलप्रवाहीकरण गर्नुपर्ने र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण द्वारा विपद्को बेला राहत पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणमा कोही पनि नछुटुन् भन्ने कुराहरूलाई सुनिश्चित गर्नु पर्दछ ।

- हाल प्रशस्त मात्रामा रहेका ऐन, नीति, रणनीति, कार्यविधिहरु बुझी सोहीअनुरूप कार्यहरु गर्न स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीलाई कठिनाई परिरहेको अवस्था छ । यसका अलावा धेरै स्थानीय तहहरू विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यहरुका लागि आवश्यक कर्मचारी र आर्थिक श्रोत जुटाउन संघर्षरत छन् । यसका साथै, धेरै स्थानीय तहले आ-आफ्ना पालिकामा स्थानीय आवश्यकता र परिवेश अनुसारको विपद् जोखिम व्यवस्थापन सम्बन्धी ऐन, नियमावली र कार्यविधिहरु तयार पार्न आर्थिक तथा प्राविधिक कठिनाईहरू भोगिरहेका छन् ।
- तसर्थ, नगरपालिकाहरूको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र प्रतिकार्य क्षमता बढाउन र प्रभावकारी सेवा प्रदान गर्न विपद् सम्बन्धी व्यवस्थापकिय र कानूनी क्षमता बढाउने, विपद सम्बन्धी संरचना र सञ्चार प्रणाली चुस्त राख्ने, विपद् व्यवस्थापन कोष परिचालन गर्ने, जनप्रतिनिधि तथा कर्मचारीहरूको ज्ञान र सीप विकास गर्ने, अन्तर-स्थानीय तह तथा प्रदेश र संघीय तहसम्म समन्वय र सहयोगको आदानप्रदान गर्ने कुराहरूमा नेपाल सरकार तथा सम्पूर्ण सरोकारवालाहरूको ध्यान जानु आवश्यक छ ।

नेपाल नगरपालिका संघ सचिवालय स्थित शहरी स्रोत केन्द्र (Urban Resource Center) अन्तर्गत रहेको **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन इकाई**मा सम्पर्क गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धि कानूनी तथा व्यवस्थापकीय स्रोत परिचालन एवं क्षमता अभिवृद्धि लगायतका सूचना तथा जानकारी प्राप्त गर्न सकिन्छ ।

*"Partnership for Urban Governance"*

MUNICIPAL ASSOCIATION OF NEPAL 2050

**URBAN RESOURCE CENTRE**

- DISASTER RISK REDUCTION & MANAGEMENT UNIT
- WATER SANITATION AND HYGIENE (WASH) UNIT

'यो पुस्तिका अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताहरुको सहयोगका कारण सम्भव भएको हो । यस पुस्तिका भित्रका विषयवस्तु र सामग्री नेपाल नगरपालिका संघका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिबिम्बित गर्दछ भन्ने जरूरी छैन ।'

यस पुस्तिकाको नक्सामा प्रयोग गरिएका सीमानाहरु र नामहरुले अमेरिकी सरकार वा युएसएआईडीद्वारा आधिकारिक समर्थन वा स्वीकृति जनाउँदैन ।


# नेपाल नगरपालिका संघ

५३०-पण्डोल मार्ग, लाजिम्पाट, पो.ब.नं. १४२८६, काठमाण्डौ, नेपाल

फोन नं.००९७७-१-४४२५६९२, ४४२०५५९

Web: www.muannepal.org.np, Email:info@muannepal.org.np